# स्थानीय राजपत्र

## मध्यपुरथिमी नगरपालिकाद्धारा प्रकाशित

खण्डः २, मध्यपुरथिमि, भक्तपुर, आषाढ १ गते २०७७ साल, (अतिरिक्ताङ्क १)

# भाग २

## मध्यपुर थिमि नगरपालिका

## भक्तपुर, वाग्मती प्रदेश, नेपाल

मध्यपुर थिमि नगरकार्यपालिकाले जारी गरेको तल लेखिए बमोजिमको आदेश सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### नेपाल कोरिया मैत्री अस्पताल संचालन र व्यवस्थापन आदेश २०७७

**प्रस्तावना :**विगतमा नेपाल सरकारबाट विकास समिति ऐन २०१३ बमोजिम साविकमा कोरिया नेपाल मैत्री विकास समिति (गठन) आदेश २०६६ बमोजिम संचालन भएको कोरिया नेपाल मैत्री अस्पताल नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।४।२३ को निर्णय अनुसार यस मध्यपुर थिमि नगरपालिकामा हस्तान्तरण भई आएकालेअस्पताल आफ्नै र नगरपालिका समेतको साधन श्रोतको व्यवस्थापन र परिचालन गरी गुणस्तरिय स्वास्थ सेवा प्रदान गर्न, स्वास्थ सेवाको विस्तार, विकास र प्रभावकारिता बढाई नागरिकलाई गुणस्तरीय स्वास्थ सेवाको प्रत्याभूत गराउननेपाल कोरिया मैत्री नगरपालिका अस्पताल(परिवर्तित नाम) संचालन तथा व्यवस्थापन गर्नका लागि मध्यपुर थिमि नगरपालिकाले यो आदेश वनाएको छ ।

(१) संक्षिप्त नाम र प्रारम्भः १) यस आदेशको नाम "नेपाल कोरिया मैत्री  नगरपालिका अस्पताल संचालन तथा व्यवस्थापनआदेश २०७७" रहेको छ ।

२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

(२) परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "नगरपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनुपर्छ।

(ख) ''अस्पताल भन्नाले''नेपाल कोरिया मैत्री  नगरपालिका अस्पताल सम्झनु पर्छ ।

(ग) ''समिति'' भन्नाले यस अस्पताल संचालन गर्न यसै आदेश  बमोजिम गठन भएको व्यवस्थापन समिति सम्झनुपर्छ ।

(घ) "अध्यक्ष"  भन्नाले अस्पतालको व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ.) ''सदस्य'' भन्नालेसमितिका  सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई सम्झनु पर्दछ ।

(च.) "सदस्य सचिव"  भन्नाले यस अस्पतालका कार्यकारी निर्देशक लाई सम्झनुपर्दछ ।

(छ) ''कर्मचारी''भन्नाले यस अस्पतालका चिकित्सक लगाएत अन्य सबै दक्ष, अदक्ष कर्मचारीलाई सम्झनुपर्दछ ।

(ज) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस आदेशमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

३. **<u>समितिको गठनः</u>**(१) अस्पतालले उपलब्ध गराउने चिकित्सा र अन्य सेवामा अभिवृद्धि गर्दै अस्पतालको सेवा विस्तार र सुदृढ गर्नका लागि अस्पताल  संचालन तथा व्यवस्थापन गर्न एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगर प्रमुख, मध्यपुर थिमि नगरपालिका — अध्यक्ष

(ख) नगरपालिकाका वडा नं. ५ का वडाध्यक्ष — सदस्य

(ग) नगर सभा सदस्य मध्येबाट कार्यपालिकावाट मनोनित महिला सहित तीन जना — सदस्य

(घ) दातृ संस्थाहरु मध्येवाट समितिले मनोनित गरेको एकजना सदस्य

(ङ) नगरवासी समाजसेवी वुद्धीजिविहरु मध्ये महिला सहित समितिबाट मनोनित चार जना — सदस्य

(च) अस्पतालका कार्यकारी निर्देशक — सदस्य सचिव

(३) नगरपालिकाका प्रमुख प्रशासकिय अघिकृत स्थायी आमन्त्रित सदस्यका  रुपमा रहनेछन् ।

(४) उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधि नियुक्त भएको मितिले तीन वर्षको हुनेछ ।

**५) मनोनित सदस्य पद मुक्त हुने अवस्था :** देहायकोअवस्थामा समितिका मनोनित सदस्यहरु पदमुक्त हुनेछन् :

(क) मनोनित सदस्यले राजिनामा दिई अध्यक्षबाट स्विकृत भएमा,

(ख) नैतिक पतन देखिने फैजदारी अभियोग लागेमा,

(ग) समितिलाई मनासिब सुचना बेगर लगातार समितिको बैठकमा तीन पटक अनुपस्थित भएमा,

(घ) अन्य प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा बस्न अयोग्य भएमा ।

६)**समितिको काम, कर्तव्य र अधिकार** :(१) यस आदेशमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पतालको व्यवस्थापन र संचालन गर्ने,

(ख) अस्पतालवाट प्रदान गर्ने स्वास्थ्यसेवा र सुविधाको शुल्क निर्धारण गर्ने,

(ग)स्वास्थ्य जांच एवं उपचारको निमित आवश्यक औषधि तथा सामाग्री शुलभ मुल्यमा विकि प्रवन्ध गर्न फार्मेशी सेवाको व्यवस्थापन गर्ने,

(घ) अस्पताल संचालन तथा व्यवस्थापन, विस्तार र विकास सम्वन्धि आवश्यक निति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्व्यन गर्ने वा गराउने,

(ङ) अस्पतालको वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(च) नगरपालिकावाट संचालित विभिन्न स्वास्थ्य चौकी, शहरी स्वास्थ क्लिनिक एवं स्वास्थ्यसम्वन्धि अन्य गैर सरकारी संघ संस्था समेतलाईसमन्वय गरी जन स्वास्थ्य सम्वन्धि कार्यक्रम संचालन गर्ने,

(छ) अस्पतालको भौतिक पूर्वाधारको विकास तथा विस्तार गर्ने वा गराउने,

(ज)) अस्पतालको चल, अचल सम्पतिको संरक्षण, संचालन तथा बृद्धि गर्ने, गराउने,

(झ) अस्पतालको विकास तथा विस्तारको लागि आवश्यक सहयोग जुटाउने,

(ञ) गरीव तथा असहायलाई निःशुल्क वा सहूलियतपुर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ट) अस्पतालको विकासमा विशेष योगदान गरेका व्यक्तीलाई सहुलियतमा सेवा उपलब्ध गराउने प्रवन्ध मिलाउने

(ठ) अस्पताललाई आवश्यक पर्ने कर्मचारीको दरवन्दी स्वीकृत गर्ने,

(ड) कर्मचारीहरुको कार्य मुल्यांकन आघार बनाइ आवश्यक दण्ड तथा पुरुस्कार सम्बन्धी निति निर्धारण गर्ने,

(ढ)स्वास्थ्य सेवा सम्वन्धी विभिन्न अनुसन्धान एवं आवश्यक तालिम संचालन गर्ने,

(ण) अस्पतालबाट भए गरेका कामको नियमित समिक्षा गर्ने,

(त) अस्पताल संचालन र व्यवस्थापन विषयमा परामर्शको लागि आवश्यक सल्लाहकार नियूक्त गर्ने,

(थ)अस्पताल संचालन सम्वन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(३) नगरपालिकालाई आर्थिक भार पर्ने गरी कार्यक्रम गर्नु पर्दा नगरपालिकावाट पूर्व स्विकृती लिनु पर्नेछ ।

**७) समितिको वैठक र निर्णय** :(१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक वस्नेछ । तर समितिको बैठक आवश्यकता अनुसार बस्न यस उपदफाले वाधा पार्ने छैन ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) समितिका एक तिहाई सदस्यले वैठक वोलाउनको लागि लिखित माग गरेमा सदस्य सचिवले अध्यक्षलाई सो कुराको जानकारी गराई समितिको वैठक वोलाउने छ ।

(४) समितिमा तत्काल कायम कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिन्छ ।

(५) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(६) समितिका वैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिका्निर्णय अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

(८) समितिको आवश्यक विशेषज्ञ तथा अनुभवी व्यक्तिलाई पर्यवेक्षकको रुपमा वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९)समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**<u>८) बैठक भताः</u>** समितिको बैठक भता प्रचलित कानून बमोजिम हुनेछ ।

**<u>९) उपसमिति गठन गर्न सक्ने :</u>** (१) समितिले आफनो काम कारर्वाही सुचारु रुपले सम्पन्न गर्नको लागि आवश्यकता अनुसारे उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिन गठित उपसमितिको काम कर्तव्यको शर्त तथा कार्याविधि र त्यस्तो उपसमितिका सदस्यहरुले पाउने सुविधा समितिले निर्धारण गरिदिए वमोजिम हुनेछ ।

**१०) कार्यकारी निर्देशकको नियूक्ती पदावधि र सेवा सुविधा शर्त सम्वन्धी व्यवस्था :** (१) नगर प्रमुखको सिफरिसमा नगरकार्यपालिकाले अस्पतालकोप्रशासकीय प्रमुखको रुपमा काम गर्ने गरी योग्यव्यक्तिलाई कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि पांच वर्षको हुनेछ तथा निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(३) पारिश्रमिक तथा सेवा,शर्त सुविधा सम्वन्धीअन्य व्यवस्था समितिले तोके वमोजिम हुनेछ ।

**<u>११) कार्यकारि निर्देशकको योग्यताः</u>** (१) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

(क(चिकित्सा शिक्षा विषयमा स्नातकोत्तरउतीर्ण

(ख) नेपाभित्र संचालित न्यूनतम् १०० शैया क्षमताको अस्पतालमा दश वर्ष सेवा गरेको अनुभव भएको,

(ग) ६५ वर्ष उमेर ननाघेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग लागि सजाय नपाएको,।

(ङ) अन्य प्रचलित कानून वमोजिम अयोग्य नभएको,

(२) मध्यपुरथिमि नगर वासीलाई नियुक्तिमा ग्राह्यता दिइनेछ

**<u>१२) कार्यकारी निर्देशक पद मुक्त हुने अवस्था :-</u>**(१) कार्यकारी निर्देशक देहायको अवस्थामा पद मुक्त हुने छ :

(क)निजले राजिनामा दिई अध्यक्षबाट स्विकृत भएमा ।

(ख)निजले अस्पतालको सम्पती हिनामिना गरेमा ।

ग) निजप्रचलित कानुन बमोजिम सार्वजनिक पदमा बस्न अयोग्य भएमा ।

घ)समितिलाई मनासिब जानकारी बेगर धेरै दिन अस्पताल संचालन तथा व्यवस्थापनको कार्यमा बेवास्ता गरी बसेको कारण जनाई समिति सदस्यहरुले नगरपालिकामा सिफारिस गरेमा ।

(ङ) पैसठी वर्ष उमेर पुरा भएमा ।

**१३)कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार :**कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

१)समितिको सचिवको रुपमा कार्य गर्ने ।

२) अध्यक्षको निर्देशन अनुसार समितिको बैठक बोलाउने ।

३) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

४) अस्पताल संचालन तथा व्यवस्थापन सम्वन्धि आबश्यक निति कार्यक्रम तर्जुमा गर्ने ।

५) अस्पताल सुचारु, संचालन गर्न आवश्यक व्यवस्थापन मिलाउने ।

६)स्वीकृत दरवन्दी अनुसार आवश्यक कर्मचारी नियुक्ति गर्ने तथा कर्मचारीहरुलाई कामको जिम्मेवारी तोक्ने ।

७) तोकिएको जिम्मेवारी अनुसार काम नगर्ने कर्मचारीको तलव पारिश्रमिक सुविधा आदि कट्टा गर्ने वा त्यस्तो कर्मचारीलाई सेवावाट बर्खास्त वा निष्काशन समेतको आवश्यक कारवाहीको लागि समितिमा सिफारिस गर्ने ।

८) कर्मचारीको राजिनामा स्विकृत गर्ने ।

९) अस्पतालको सम्पूर्ण चल अचल सम्पतीको रेखदेख गर्ने र दैनिकआयव्ययको हिसाव र लेखा दुरुस्त राख्ने, लेखापरीक्षण गराउने तथा आर्थिक व्यवस्थापन गर्ने गराउने ।

१०) समितिले तोकेका अन्य कामहरु गर्ने ।

**१४) अधिकार प्रत्यायोजन :** कार्यकारी निर्देशकले यो आदेश बमोजिम आफुमा भएको अधिकार आफू मुनिका अस्पतालका अन्य वरिष्ठ कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

**१५)अस्पताल (समिति) को कोष :**

१) अस्पतालको एउटा छुटै कोष रहने छ ।

२) उपदफा (१) बमोजिकको कोषमा देहायका रकमहरु रहनेछन्:

(क ) नगरपालिकावाट प्राप्त हुने अनुदान,सहयोग

(ख) सरकारी वा गैह्र सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्ती विशेषबाट प्राप्त हुने अनुदान तथा सहयोगको रकम,

(ग.) अस्पतालले सेवा प्रदान गरे वापत प्राप्त हुने सेवा शूल्कको रकम,

(घ.) अन्य श्रोतवाट प्राप्त अनुदान तथा सहयोग रकम ।

३) कुनै विदेशी सरकारी वा अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिवाट कुनै अनुदान वा सहयोग रकम प्राप्त गर्नु अघि नगरपालिका मार्फत नेपाल सरकारको स्विकृती लिनु पर्नेछ ।

४) समितिकोकोषमा प्राप्त हुने रकम समितिले तोकेको “क” बर्गको बाणिज्य वैकमा अस्पतालको नाममा खाता खोली जम्मा गरिनेछ ।

५) अस्पतालको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

६) अस्पताल कोषको संचालन समितिले तोकिदिए वमोजिम हुनेछ ।

**१५) सम्वन्धित कार्यको लागि खर्च गर्नू पर्ने** :- सरकारी गैह्र सरकारी एवं व्यक्ति विशेषबाट प्राप्त सहयोग रकम जुन कार्यक्रम वा कामको लागि प्राप्त भएको हो सा्ही कार्यक्रम वा काममा खर्च गर्नु पर्नेछ ।

**१६) लेखा तथा लेखापरिक्षण :**

१) अस्पतालको आय व्ययको लेखा प्रचलित कानून वमोजिमसरकारी सार्वजनिक लेखा प्रणालीवमोजिम राखिनेछ ।

२) अस्पतालको आन्तरिक आय व्ययको लेखापरिक्षण नगरपालिकाबाट हुनेछ ।

३)अस्पतालको अन्तिमलेखापरिक्षण महालेखा परिक्षकको विभाग वा महालेखा परीक्षकले तोकेको लेखा परिक्षकवाटहुनेछ ।

४) नगरपालिकाले चाहेमा जुनसुकै बखत अस्पतालको चल अचल सम्पती तथा आय व्ययको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

**१७) प्रतिवेदन पेश गर्ने:** अस्पतालले बर्ष भरी गरेको कामको प्रतिवेदन प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिलतिन महिना भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१८) .कर्मचारी सम्वन्धी व्यवस्था::**

१) समितिले अस्पतालको कर्मचारीको सेवा शर्त सम्वन्धि नियम वनाउने सक्नेछ ।

२) समितिले आवश्यकता अनुसार कर्मचारीको दरवन्दी स्विकृत गर्न सक्नेछ ।

३) अस्पताल संचालनको लागि समितिले कर्मचारीको सेवा शर्त सम्वन्धि नियम वनाई स्थायी पदपुर्ती नगरे सम्म समितिबाट स्विकृत दरवन्दी अनुशारको आवश्यक कर्मचारी करारमा नियूक्ती गर्न सकिनेछ ।

४) अस्पतालका कर्मचारीको नियूक्तितलब पारिश्रमिक, सुविधा तथा सेवाको शर्त समिति बाट तोकिए वमोजिम हुनेछ ।

५)अन्य सरकारी कार्यालयका कर्मचारी काजमा लिई यस अस्पतालको कार्यमा सहयोग लिई आवस्यक कार्य गर्न गराउनसकिनेछ ।

**१९). निर्देशन पालना गर्ने:** (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको निर्देशनको पालना गर्नुगराउनु समितिको कर्तव्य हुनेछ ।

२) समितिले गरिने काम कार्बाहीको सम्वन्धमा नगरपालिकाले आबस्यक निर्देशन दिन सक्नेछ ।

३) उपदफा (१) र (२) वमोजिमको निर्देशन पालना गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

**२०) सरकारी तथा वैदेशिक संध संस्था संग सम्पर्क :** समितिले नेपाल सरकार,प्रदेश सरकार एवं वैदेशिक सघसंस्था संग सम्पर्क राख्दा नगरपालिका मार्फत राख्नु पर्नेछ ।

**२१) शंशोधन:** नगरपालिकाले यो आदेश परिमार्जन वा आवश्यकता अनुसार शंशोधन गर्न सक्नेछ ।

**२२) बाधा फुकाउ :** यो आदेश बमोजिम अस्पताल संचालनमा बाधा आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार समितिमा निहित रहनेछ ।

**२३). बचाऊः** यो आदेश प्रारम्भ हुनु अघि अस्पताल, कर्मचारी तथा समितिका सम्पूर्ण काम कारर्वाहीहरु यसै आदेशबमोजिम भए गरेको मानिने छ् ।

आज्ञाले
उद्धबप्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत
मध्यपुर थिमि नगरपालिका
२०७७ साल आाषाढ १ गते